# प्रेश विज्ञप्ति

आज मिति २०७४/३/३० शुक्रवारका दिन वन विभागद्वारा आयोजित समारोहवीच आर्थिक वर्ष २०७३/७४ को गणेशमानसिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार, कवुलियती वन समूह राष्ट्रिय पुरस्कार, निजी वन राष्ट्रिय पुरस्कार तथा सामुदयिक वन पत्रकारिता पुरस्कार प्रदान गर्ने कार्य सम्पन्न भएको छ ।

सभाका प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. प्रभु वुढाथोकीद्वारा गणेशमानसिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार, कवुलियती वन समूह राष्ट्रिय पुरस्कार तथा निजी वन पुरस्कार तथा प्रमाण-पत्र पदान भयो । यसैगरी सभाका अतिथि वरिष्ट पत्रकार तथा साहित्यकार भैरव रिसालद्वारा सामुदायिक वन पत्रकारिता पुरस्कार तथा प्रमाणपत्र पदान भयो ।

अतिथिको रुपमा समारोहमा उपस्थित वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री प्रकाश माथेमाले पुरस्कार प्राप्त गर्ने समूह तथा महानुभावहरुलाई वधाई ज्ञापन गर्दै यस किसिमका पुरस्कारले वन क्षेत्रको संरक्षण तथा विकासमा संलग्न सरोकारवाला तथा संचारकर्मीलाई हौसला प्रदान गर्ने विश्वास गर्नुभयो ।

वन विभागका महानिर्देशक श्री कृष्ण प्रसाद आचार्याको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उपरोक्तानुसारको पुरस्कार वितारणको कार्य सम्पन्न भएको हो ।

पुरस्कार तथा प्रमाण-पत्र प्राप्त गर्ने समूह तथा महानुभावहरु

| | | |
|---|---|---|
| *१. गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार* | | |
| | *प्रथम पुरस्कार* | नगद रु. १,००,००० /- र प्रमाणपत्र<br>श्री छापगैह्रा सामुदायिक वन उपभोक्ता समूह, ककनी गाऊपालिका-४, नुवाकोट |
| | *द्वित्तीय पुरस्कार* | नगद रु. ७५,०००/- र प्रमाणपत्र<br>श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह, वुद्धभूमि नगरपालिका-९, कपिलवस्तु |
| | *तृतीय पुरस्कार* | नगद रु. २५,०००/- र प्रमाणपत्र |
| | | (१) श्री न्युरेनी चिसापानी सामुदायिक वन उपभोक्ता समूह,<br>हेटौंडा उपमहानगरपालिका-७, मकवानपुर |
| | | (२) श्री वनपाले सामुदायिक वन उपभोक्ता समूह, अन्नपूर्ण गाउपालिका-३, कास्की |
| *२. कवुलियती वन समूह राष्ट्रिय पुरस्कार* | | |
| | *प्रथम पुरस्कार* | नगद रु. १,००,००० /- र प्रमाणपत्र<br>श्री मिलीजुली कवुलियती वन समूह, निस्दी गाउपालिका-३, पाल्पा |
| | *द्वित्तीय पुरस्कार* | नगद रु. ७५,०००/- र प्रमाणपत्र<br>श्री लक्ष्मी कवुलियती वन समूह, लालवन्दी नगरपालिका-१०, सर्लाही |
| | *तृतीय पुरस्कार* | नगद रु. ५०,०००/- र प्रमाणपत्र |

Scanned by CamScanner

| | | |
|---|---|---|
| | | श्री पराजुलीडाँडा कवुलियती वन समूह, मेलम्ची नगरपालिका-१०, सिन्धुपाल्चोक |
| *३. निजी वन राष्ट्रिय पुरस्कार:* | | |
| | *प्रथम पुरस्कार* | नगद रु.७५,००० /- र प्रमाणपत्र<br>श्री कुशुम दाहाल, माईजोगमाई गाउँपालिका-१, ईलाम |
| | *द्वितीय पुरस्कार* | नगद रु. ५०,०००/- । र प्रमाणपत्र<br>श्री गिर वहादुर केसी., प्युठान नगरपालिका-८, प्युठान |
| | *तृतीय पुरस्कार* | नगद रु. ३०,०००/- र प्रमाणपत्र<br>श्री धन वहादुर पुन, सत्यवती गाँउपालिका-८, गुल्मी |
| | *सान्त्वना पुरस्कार* | नगद रु. १०,०००/-र प्रमाणपत्र |
| | | (१) श्री सदानन्द पण्डित, वेलवारी नगरपालिका-५, मोरङ्ग, |
| | | (२) श्री अखलेश कुमार श्रीवास्तव, कपिलवस्तु नगरपालिका-८, कपिलवस्तु, |
| | | (३) श्री डिल्लीराज उप्रेती, मेचीनगर नगरपालिका-९, झापा |
| *४. सामुदायिक वन पत्रकारिता पुरस्कार नगद रु २५०००/- र प्रमाणपत्र* | | |
| | *महिला पत्रकार* | प्रगति ढकाल, सम्वाददाता, कारोवार दैनिक, काठमाडौं |
| | *पुरुष पत्रकार* | शेर वहादुर के.सी., सम्वाददाता, नागरिक दैनिक, वुटवल |

उक्त कार्यक्रममा वन विज्ञ तथा गणेशमान सिंह राष्ट्रिय पुरस्कार छनौट तथा मूल्याङ्कन समितिका सदस्य श्री रन्जु हजुर पाण्डेवाट पुरस्कृत हुने सवै समूह तथा व्यक्तित्वको नाम घोषणा गरिएको थियो ।

सामुदायिक वनको संरक्षण, सम्वर्धन, दिगो उपयोग, वातावरण सन्तुलन तथा जैविक विविधता संरक्षण एवं गरिवी न्यूनीकरणमा उत्कृष्ट कार्य गर्न उपभोक्ता समूहलाई गणेशमानसिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार वि.सं २०५५ देखि प्रदान गरिदै आएको छ। हाल नेपालमा १९,३६१ सामुदायिक वन उपभोक्ता समूह स्थापना भई १८,१३,४७८ हेक्टर वन उपभोक्ता समूहवाट संरक्षण तथा व्यवस्थापन हुँदै आएको छ । यसै गरी गरिवी न्यूनीकरण तथा वातावरण संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याउने कवुलियती वन समूहलाई यसै आर्थिक वर्ष देखि कवुलियती वन समूह राष्ट्रिय पुरस्कार प्रदान गर्न लागिएको हो। हालसम्म देशभर जम्मा ७,२४० कवुलियती वन समूहले ४२,३३७ हेक्टर वन क्षेत्र व्यवस्थापन तथा समूह सदस्यको गरिवी न्यूनीकरण गर्ने कार्यमा संलग्न छ ।

निजी वन विकासलाई प्रोत्साहन गर्न आर्थिक वर्ष २०७१/७२ वाट वन दशक कार्यक्रम लागु भई निजी वनको विकास र व्यवस्थापनमा उल्लेखनीय कार्य गर्ने व्यक्तिलाई हौसला प्रदान गर्न राष्ट्रियस्तरमा समेत पुरस्कार प्रदान गरिंदै आएको छ।

ग्रामीण समुदायमा चेतना जागरण गर्दै समुदायले गरेका वन संरक्षण तथा व्यवस्थापनका कार्यहरुलाई उजागर गर्ने कार्यमा संलग्न एक जना महिला तथा एक जना पुरुष संचारकर्मीलाई यसै वर्षदेखि सामुदायिक वन पत्रकारिता पुरस्कार प्रदान गर्न सुरु गरिएको हो ।

Scanned by CamScanner